# द टिम्बर कर्पोरेशन अफ नेपाल लि.

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

*
*
*     *     *
*     *     *
*     *     *
*     *     *
*     *     *
*     *     *
*
*

# वर्तमान वस्तुस्थिति-पत्र

*
*
*     *     *
*     *     *
*     *     *
*     *     *
*     *     *
*     *     *
*
*

## केन्द्रीय कार्यालय

**बबरमहल, काठमाडौं**

**कर्पोरेसन गठन :**

वन व्यवस्थापनबाट प्राप्त हुने काठ, दाउरा व्यवस्थित रुपले कटान चिरान समेत गरी आपूर्ति गर्न २०११ सालमा स्थापना भएको सःमील परियोजनालाई २०१७ सालमा तत्कालिन कम्पनी कानून अन्तरगत **द टिम्वर कर्पोरेसन अफ नेपाल लि.** पूर्ण सरकारी संस्थाको रुपमा गठन भई हालसम्म काठ, दाउरा संकलन तथा बिक्री बितरणको कार्य गर्दै आई रहेको छ ।

**लक्ष्य** :

वन ब्यवस्थापनबाट प्राप्त हुने काठ, दाउरा र काठजन्य वन पैदावारको व्यवस्थित संकलन, सदुपयोग र बिक्री बितरण गरी दिगो वन विकास र गरिवी न्यूनिकरणमा टेवा पुऱ्याउने ।

**उद्देश्य** :

- प्राप्त वन क्षेत्र वाट काठ दाउराको व्यवस्थित संकलन गर्ने ।
- संकलित काठलाई चिरान प्रशोधन समेत गरी बिक्री वितरण गर्ने ।
- वृक्षरोपण एवं विभिन्न निकाय बाट संरक्षित वन समुदायहरुसंगको सहकार्य गरी वन विकासमा सहयोग पुऱ्याउने ।
- काठलाई संरक्षी उपचार गरी बैकल्पिक उपयोग गर्न अनुसन्धान तथा परिक्षण गरी प्रयोगमा ल्याउने नेपाल सरकारबाट समय समयमा हुने निर्देशन बमोजिम कार्य गर्ने ।

**प्रमुख कार्य** :

- वन ब्यवस्थानबाट प्राप्त हुने काठ, दाउरा ब्यवस्थित रुपले कटान संकलन एवं चिरान समेत गरी सरकारको तर्फबाट सर्बसाधारण, दैवीप्रकोप पिडित परिवार, कृषि औजार, दाहसंस्कार लगायतलाई सहुलियत एवं निश्चित मूल्यमा र औद्योगिक तथा व्यापारिक प्रयोजनको लागि सरल तथा सर्वसुलभ आपूर्तिको ब्यवस्था मिलाउने ।

**कार्यक्षेत्र** :

कर्पोरेसनले तराई, भित्री मधेश तथा पहाडी जिल्ला गरी ३४ जिल्लामा कार्य गरी रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १.इलाम | २.झापा | ३.मोरङ्ग | ४.सुनसरी | ५.उदयपुर | ६.सिराहा |
| ७.सप्तरी | ८.धनुषा | ९.सिन्धुली | १०.सर्लाही | ११.रौतहट | १२.बारा |
| १३.पर्सा | १४.मकवानपुर | १५.चितवन | १६.तनहु | १७.नवलपरासी | १८.रुपन्देही |
| १९.कपिलबस्तु | २०.पाल्पा | २१.अर्घाखाची | २२.कास्की | २३.दाङ्ग | २४.बाके |
| २५.बर्दिया | २६.सुर्खेत | २७.कैलाली | २८.कन्चनपुर | २९.डोटी | ३०.काठमाण्डौं |
| ३१.भक्तपुर | ३२.ललितपुर | ३३.डडेल्धुरा | ३४.धनकुटा | | |

**संगठन** :

**श्री प्रकाश न्यौपाने**ज्यूको अध्यक्षतामा अर्थ मन्त्रालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग मन्त्रालय, नेपाल औद्योगिक विकास कर्पोरेसन लिमिटेड, वन विभागका प्रतिनिधी सदस्य तथा कर्पोरेसनका महाप्रबन्धक सदस्य सचिव रहनु भएको सात (७) सदस्यीय संचालक समिति रहेको छ ।




अधिकृत २२, सहायक ६३ गरी जम्मा ८५ स्थायी जनशक्ति एवं ९८ जना सिजनल ज्यालादारहरु कार्यरत

**भौतिक संरचना (चालू अवस्थामा)** :

| | | |
|---|---|---|
| क. **जग्गा जमीन** | **रोपनी** | **विगाहा** |
| - बिभिन्न शहरी क्षेत्रहरुमा | २९-९-१-३ | ११-०-१५ |
| ख. **भवन** | **कच्ची** | **पक्की** |
| - बिभिन्न स्थानमा गरी | ४६ | १६ |

ग. **मिल मेशीनरी**

| | | |
|---|---|---|
| ट्रिटमेन्ट प्लान्ट हेटौंडा -१ | चिरान मिल -५ | ट्रक -३ |
| लोडर -१ | जीप कार -१० | मोटरसाइकल -३२ |

**भईरहेका प्रमुख कार्यहरु** :

- मौज्दात गोलिया काठ मध्ये साल गोलिया काठ चिरान गरी भूकम्प पिडित र ऐतिहासिक सम्पदा पूनर्निर्माणका लागि प्राथमिक्ताका साथ चिरान काठ आपूर्तिको ब्यवस्था मिलाइएको छ ।
- बिराटनगर, उदयपुर, बर्दिवास, बीरगंज, हेटौडा, भरतपुर, नवलपरासी, नेपालगंज, कैलाली र कञ्चनपुर गरी ११ वटा स:मील संचालन प्रक्रियामा रहेकोमा ६ वटा स:मील संचालन भई चिरान काठ उत्पादन भई रहेको छ ।
- थप गोलिया काठको हस्तान्तरणका लागि वन विभागमा छलफल भई रहेको छ । स:मीलबाट उत्पादित चिरान काठ काठमाडौं उपत्यका स्थित बालकुमारी बिक्री डिपो तथा जिल्ला स्थित बिक्री डिपोहरुबाट चिरान काठ बिक्री बितरण भई रहेको छ ।
- काठमाडौंको पशुपति स्थित दाउरा बिक्री मार्फत दाहसंस्कार र धार्मिक प्रयोजनको लागि बिक्री बितरण भई रहेको छ ।
- जिल्ला वन कार्यालयहरुको स्वीकृत पञ्च बर्षिय कार्ययोजना अनुसार राष्ट्रिय वन जंगलबाट प्राप्त वनक्षेत्र (प्लट) बाट काठ दाउरा संकलन एवं घाटगद्दीको पहल भई रहेको छ ।
- नेपाल सरकारको निर्देशानुसारको आयोजना/परियोजना (बिद्युत प्रसारण लाईन, मूक्त कमैया, वस्ती स्थानतरण, सडक, नहर आदी) क्षेत्रको रुख कटान एवं व्यवस्थापन जस्ता विशेष कार्यहरु गर्ने ।
- मसलाको पोललाई संरक्षी उपचार (ट्रिटमेन्ट) एवं काठको स्तरोन्नती गरी बिद्युत प्राधिकरणका बितरण केन्द्र लगायत अन्यलाई खुद्रा बिक्री बितरण गर्ने गरिएको छ ।

- कर्पोरेसनको पाँच बर्षे ब्यावसायिक कार्ययोजना नेपाल सरकारबाट स्वीकृत भए बमोजिमका कार्यहरु कार्यान्वयनको क्रममा रहेको छ । भूकम्प पिडितहरुलाई चिरान काठ आपूर्ति गर्ने सम्बन्धी कार्ययोजना तयार भई वन तथा भू-संरक्षण मन्त्रालय समक्ष पेश भएको छ ।

## चालु आ.ब.२०७३।७४ को बार्षिक कार्यक्रम

| उत्पादन/संकलन | इकाई | लक्ष्य | प्रगति (२०७३ मंसिर मसान्त सम्मको) | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| क. गोलिया उत्पादन | क्यू.फिट | ९,००,००० | २१,००० | ३.०० |
| ख. दाउरा उत्पादन | चट्टा | ६५० | १००.५५ | १५.४७ |
| ग. चिरान उत्पादन | क्यू.फिट | २,११,१८५ | २१,५६३.१६ | १०.२१ |
| घ. पोल ट्रिटमेन्ट | थान | १०,००० | १३९८ | १३.९८ |

| बिक्री बितरण | इकाई | लक्ष्य | प्रगति (२०७३ कार्तिक मसान्त सम्मको) | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| क. गोलिया बिक्री | क्यू.फिट | १,७५,००० | ३०,९७४.२७ | १७.७० |
| ख. दाउरा बिक्री | चट्टा | ५२५ | ११५.३६ | २१.९७ |
| ग. चिरान बिक्री | क्यू.फिट | २,११,१८५ | २२,१६६.७७ | १०.४९ |
| ङ. पोल बिक्री | थान | १०,००० | ११५९ | ११.५९ |

## कार्यक्रम कार्यान्वयनको अवस्था

- कर्पोरेशनको चालु आ.ब.०७३।०७४ को स्विकृत बार्षिक कार्यक्रम अनुसार गोलिया काठ दाउरा उत्पादनका लागि जिल्ला वन कार्यालयहरुसंग समन्वय भई रहेको छ ।
- गत आ.ब.मा उत्पादित गोलिया काठ मध्ये जि.ब.का., समुहहरुलाई बाँडफाँड भई बाँकी रहेको गोलिया काठ जिल्ला स्थित शाखा कार्यालय अन्तरगत ११ वटा स:मील संचालन गरी चिरान उत्पादनको कार्य प्रक्रियामा रहेको छ ।
- भूकम्प पिडितहरुको लागि जिल्ला वन कार्यालयहरुबाट हस्तान्तरण हुने गोलिया काठ चिरान गर्नका लागि बर्दिवासमा १ र काठमाडौं उपत्यका स्थित २ गरी थप ३ वटा स:मील संचालनका लागि संचालक समितिबाट स्वीकृतिको क्रममा रहेको छ ।
- उत्पादित चिरान काठ मध्ये स्थानिय आपूर्तिका साथै भूकम्प प्रभावित एवं राष्ट्रिय सम्पदा पुनर्निर्माणका लागि प्राथमिक्ताका साथ चिरान काठ बिक्री बितरणको ब्यवस्था मिलाइएको छ ।
- रिक्त दरवन्दी मध्ये नेपाल सरकार तथा लोकसेवा आयोगको सहमति अनुसार विभिन्न तहका ४० जना स्थायी कर्मचारी पदपूर्तिको लागि सूचना प्रकासन भई दर्ता भएका दरखास्तहरु प्रक्रियामा रहेको छ ।
- कर्पोरेसनको शाखा कार्यालय हेटौडाबाट कच्चा पोल उत्पादनका लागि वन पैदावार विकास समिति र अन्तरगतका सागरनाथ वन विकास परियोजना, सर्लाहीसंग ५,००० थान कच्चम पोल खरिद सम्झौता भई ट्रिटेड पोल बिक्री बितरण भईरहेको छ ।

- कर्पोरेसनको जग्गा जमिनलाई अधिकतम उपयोगका लागि सम्भाब्यता अध्ययनको कार्य प्रारम्भ भई छनौट भएका परामर्शदाताहरुबाट कार्य भईरहेको छ ।

## मौज्दात

| मौज्दात विवरण | परिमाण |
|---|---|
| गोलिया काठ | **४,३९,०७६** क्यु.फिट |
| चिरान काठ | **६,६६३.४५** क्यु.फिट |
| दाउरा | **२१२.८१** चट्टा |
| पोल | **९८६** थान |

## लेखा परीक्षण

- कर्पोरेशनको आर्थिक वर्ष २०७२।०७३ को वाह्य लेखा परीक्षणको कार्य सम्पन्न भई लेखा परीक्षकज्यूबाट प्रारम्भीक प्रतिवेदन पेश हुने अन्तिम चरणमा रहेको छ ।

## बजेट

- आ.व.२०७३।०७४ को स्वीकृत वार्षिक बजेट रु.**१,१८,३९,७४,१४४**/-

## खर्च (२०७३ कार्तिक सम्मको)

- प्रशासनिक खर्च रु.**४,१४,४४,६८८**/-
- उत्पादन खर्च रु.**२८,९४,४५८**/-
- मिलिङ्ग खर्च रु.**२६,३९९**/-
- कूल खर्च **रु.४,४३,६५,५४५**/-

## कारोवार तथा राजस्व दाखिला (२०७३ कार्तिक मसान्त सम्म) :

| विवरण | रकम रु. |
|---|---|
| जम्मा बिक्री रकम | **९,५५,०६,६१८।-** |
| रोयल्टी रकम | **३,०६,८८,४४७।-** |
| मु.अ.कर रकम | **१,१८,६४,२५६।-** |

## नगद मौज्दात :

- कर्मचारीको दायित्व कोष व्यवस्थामा नागरिक लगानी कोषमा करिब १४ करोड मौज्दात रहेको छ ।

- कर्पोरेशनको विभिन्न बैंक खाताहरुमा करिब १७ करोड मौज्दात रहेको छ ।
- नेपाल बिद्युत प्राधिकरणबाट पोल बिक्रीको लिन बांकी करिब १ करोड रहेको छ ।
- जिल्ला वन कार्यालयहरुसंग गोलिया काठ संकलन खर्च वापत करिब ६ करोड बाँकी रहेको छ ।

**दायित्व** :

- कार्यरत कर्मचारीहरुको दायित्व वहनको लागि कोष ब्यवस्था नागरिक लगानी कोषमा गरिएको छ । उक्त कोषमा कारोवारबाट प्राप्त रकम मध्ये निश्चित रकम जम्मा गर्ने गरिएको छ ।

**कर्पोरेशनको ऋण** :

- २०५९ सालमा अर्थ मन्त्रालयसंग कर्मचारीहरुलाई स्वेच्छिक अवकास दिने प्रयोजनको लागि २० वर्षे भाखामा लिएको रु.१५ करोड ऋण मध्ये सांवा व्याज गरी तिर्न बाँकी रहेको करिब रु.८,११,१०,२९९।- करोड नेपाल सरकारलाई तिरी हाल कर्पोरेसन ऋण मुक्त रहेको छ ।

**वेरुजु** :

- पुरानो वेरुजु रकम रु.१,७५,०२,०००।- रहेकोमा आ.ब.०७३।७४ मा रु.९७,२७,०००।- फछर्यौट (५५.५८ प्रतिशत) भई रु.७७,७५,०००।- बाँकी रहेको छ । वेरुजु फछर्यौटको लागि संचालक समितिबाट ४ सदस्यीय उपसमिति गठन भई कार्य भई रहेको छ ।

**समस्याहरु** :

**नीतिगत समस्याहरु** :

- नेपाल सरकार (मं.प.) को मिति २०६९।३।१ को निर्णयानुसार काठ दाउराको कारोवार गर्न **नेपाल वन पैदावार प्राधिकरण** गठन सम्बन्धी भएको नीतिगत निर्णयानुसार प्राधिकरण हालसम्म गठन भई नसकेकोले कर्पोरेशन लामो समय देखि कामचलाउको अवस्थामा रहनु ।
- कर्पोरेसनको ब्यावसायिक कार्ययोजना नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत भई सकेता पनि गोलिया काठ दाउरा कटान संकलनका लागि वनक्षेत्र (प्लट) प्राप्तीका लागि वन ऐन तथा नियमावलीमा स्पष्ट ब्यवस्था नहुनु ।
- सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन जंगल दिनानुदिन सामुदायिक वन, साझेदारी वनको रुपमा हस्तान्तरण हुदै गएको परिप्रेक्ष्यमा कर्पोरेसनलाई काठ दाउरा प्राप्तीमा कठिनाई हुनु ।
- कर्पोरेसनको स्वीकृत दरवन्दी अनुसार रिक्त कर्मचारी पूर्तिका लागि नेपाल सरकारबाट सहमती प्रदान नगरिनु ।
- कर्पोरेशनले गर्ने कार्यको सन्दर्भमा वन ऐन तथा नियमावलीमा कानुनी व्यवस्था नहुनु ।
- गोलिया काठ दाउराको आपूर्तिको कार्य गर्ने धेरै निकाय हुंदा कार्यमा दोहोरोपन हुनु ।

**कार्यगत समस्याहरु :**

- समयमा वनक्षेत्र प्राप्त नहुंदा कर्पोरेसनको वार्षिक कार्यक्रम अनुसार तोकिएको लक्ष्य बमोजिमको प्रगती नहुनु ।
- काठ दाउरा उत्पादनको लागि प्रायजसो अन्तिम समयमा वनक्षेत्र हस्तान्तरण हुँदा कटान संकलनको कार्य समयमा सम्पन्न हुन नसक्दा हस्तान्तरित प्लटहरुमा काठ दाउरा जंगलमा बांकी रहन गई आगलागी, चोरी कटानी, बाढीबाट क्षति हुन सक्ने सम्भावना हुनु ।
- कर्पोरेशन कामचलाउको अवस्थामा रहेकोले लामो समय देखि संगठन एवं ब्यवसायिक कार्ययोजना स्विकृत नहुनु प्राविधिक जनशक्ति नियुक्ति नहुनाले कतिपय प्राविधिक कार्यहरु सचालन गर्न कठिनाई ।
- कर्पोरेसनको ब्यावसायिक कार्ययोजना अनुसार गोलिया काठ कटान संकलनका लागि सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन वाहेक साझेदारी वन ब्यवस्थापन समुह र योजना परियोजनाहरुको रेखांकनमा परेका रुखहरुको कटान संकलनको कार्य कर्पोरेसन मार्फत नहुनु ।

**सुझाव :**

- भूकम्प प्रभावित एवं राष्ट्रिय सम्पदाहरुको पुनर्निर्माणका लागि चिरान काठ आपूर्ति गर्नु पर्ने भएकोले सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन, साझेदारी वन ब्यवस्थापन समुह, सरकारको प्राथमिक्ता प्राप्त आयोजना परियोजनाहरु कार्यान्वयन गर्दा काठ दाउरा संकलन उत्पादनका लागि कर्पोरेसन मार्फत हुने नीतिगत ब्यवस्था हुनु पर्ने ।
- साझेदारी वन ब्यवस्थापनका लागि गरिने बैज्ञानिक वन ब्यवस्थापनको कार्यमा कर्पोरेसनलाई सहभागी गराई उत्पादित काठ दाउरा मध्ये जिल्ला वन कार्यालयलाई प्राप्त हुने काठ दाउरा मध्ये ५० प्रतिसत काठ दाउरा कर्पोरेसनलाई उपलब्ध हुने ब्यवस्था गरिनु पर्ने ।
- नेपाल सरकारको प्राथमिकता प्राप्त आयोजना परियोजना (बिद्युत प्रसारण लाईन, सडक, सिचाई, बस्ती स्थानान्तरण, मुक्त कमैया, रेल्वे लाइन विस्तार, हवाई अडडा निर्माण, हुलाकी राजमार्ग आदि) को रेखांकनमा परेका सरकारद्वारा ब्यवस्थित राष्ट्रिय वन जंगलका रुखहरु कर्पोरेसन मार्फत कटान संकलन गराउनुका साथै उत्पादित काठ दाउराहरु मध्ये ५० प्रतिसत काठ दाउरा कर्पोरेसनलाई उपलब्ध हुने ब्यवस्था गरिनु पर्ने ।
- कर्पोरेसनको स्वीकृत दरवन्दी अनुसारको रिक्त पदहरु पूर्तिका लागि सरकारबाट स्वीकृति/सहमती सम्बन्धी अनयोलना अन्त गरिनु पर्ने ।
- हाल भई रहेको काठ दाउरा आपूर्ति कार्यको दोहोरोपन र फरक फरक मूल्यको अन्त्य गरी सरकारी संयन्त्रको रुपमा एउटा निकाय कायम गरी कार्य गर्न गराउन पर्ने ।
- एउटै निकाय कायम नभएसम्म जिल्ला बन कार्यालय र टि.सि.एन.बाट ब्यापारिक प्रयोजनको लागि बिक्री गरिने काठ दाउराको मूल्य एवं प्रक्रियामा एकरुपता हुनु पर्ने ।
- कर्पोरेसनले स्वीकृत लक्ष्य अनुसारको काठ दाउरा संकलन एवं बिक्री बितरणको कार्य गर्न जिल्ला वन कार्यालयहरुले कार्ययोजना अनुसार समयमै वनक्षेत्र (प्लट) उपलब्ध गराउने नीतिगत ब्यवस्था हुनु पर्ने ।